# राष्ट्रिय योजना आयोगको सचिवालय

## प्रेस विज्ञप्ती

**२०७४ भाद्र १९ सोमबार**

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री **शेर बहादुर देउवा**ज्यूको अध्यक्षतामा समितिको **४० औं** वैठक बस्यो । बैठकमा माननीय मन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय राज्यमन्त्रीहरु, महालेखा परीक्षक, नेपाल सरकारका मुख्य सचिव, नेपाली सेनाका प्रधान सेनापति, आयोगका माननीय सदस्यहरु र नेपाल सरकारका सचिवहरुको उपस्थिति रहेको थियो । बैठकमा समष्टिगत सूचकहरु, वार्षिक बजेट खर्च, कार्यक्रम तथा आयोजनाहरुको वार्षिक प्रगति, राष्ट्रिय गौरबका आयोजनाहरुको वार्षिक प्रगति स्थिति, पुनःनिर्माणसम्वन्धी प्रगति, समितिका विगतका निर्णयको कार्यान्वयन स्थिति तथा समस्याहरु, आयोगबाट आयोजनाहरुको स्थलगत अनुगमन गर्दा देखिएका समस्याहरु र निर्णयका लागि प्रस्तावित विषयहरुको सम्बन्धमा समीक्षा भयो ।

**बैठकमा निम्न बमोजिम निर्णय भएको थियो** : बैठकले सामान्य प्रशासन मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, उर्जा मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसंग प्रत्यक्ष सम्बन्धित विषयमा र अन्य विषयगत मन्त्रालयहरुसंग अप्रत्यक्ष रुपमा सरोकार राख्ने समेत विभिन्न विषयमा १३ वटा निर्णयहरु गरेको छ ।

**सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री शेर बहादुर देउवाज्यूले बैठकमा दिनुभएको निर्देशन:**

१. वर्तमान सरकारले निर्वाचन हुन बाँकी प्रदेश नम्बर २ अन्तर्गतका स्थानीय तह र प्रदेश तथा संघीय संसदको निर्वाचन निर्दिष्ट समयभित्रै स्वतन्त्र, स्वच्छ र भयरहित रुपमा सम्पन्न गराउने बिषयलाई प्रमुख प्राथमिकतामा राखी आबश्यक तयारी गरिरहेको छ । नेपालको संविधान कार्यान्वयनकालागि महत्वपूर्ण आधारका रुपमा रहेका यी निर्वाचन सफल गराउन राजनीतिक दल, नागरिक समाज, कर्मचारीतन्त्र तथा सुरक्षा निकाय सबैको सहयोग र सक्रियता मैले अपेक्षा गरेको छु ।

२. निर्वाचन सँगसँगै आर्थिक सुधारका कार्यक्रमहरुमार्फत लगानी अभिबृद्धिका लागि अनुकूल वातावरण सिर्जना गर्ने र विकास कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउँदै तीब्रतर एवम् दिगो आर्थिक बृद्धि सहितको समृद्धि हासिल गर्ने विषयमा पनि सरकारको ध्यान केन्द्रित छ ।

३. राष्ट्रिय योजना आयोगका उपाध्यक्षको प्रस्तुती हेर्दा गत आर्थिक बर्षमा केही आर्थिक परिसूचकहरुमा उत्साहजनक सुधार देखिएको छ । आर्थिक वृद्धिदर ६.५ प्रतिशत रहने लक्ष्य रहे पनि करिब ७ प्रतिशत पुग्नु, मुद्रास्फीति दर ७.५ प्रतिशतमा रहने अनुमान रहेपनि ४.५ प्रतिशतमा सीमित रहनु र राजस्व संकलन लक्ष्यको १०७ प्रतिशत हासिल हुनुले बर्तमान सरकारलाई उत्साहित गरेको छ । तर, चौडिंदै गएको व्यापार घाटा भने हामी सबैको चिन्ताको बिषय हुनुपर्दछ । नेपालका दिगो सम्बृद्धिका आधारहरुको पहिचान गर्दै नेपाली अर्थतन्त्रलाई नवीन सोच अनुरुप विकास गर्न र बाह्य व्यापार एवम् शोधनान्तर अवस्था सन्तुलित राख्न सम्भाव्य क्षेत्रहरु समेत पहिचान गरी "दीर्घकालीन विकासको सोच" को मस्यौदा गर्न राष्ट्रिय योजना आयोगलाई गर्न निर्देशन दिन्छु ।

४. यसैगरी, विकास कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन, वजेट खर्च र उपलब्धीमा पनि सन्तोष गर्ने स्थिति देखिएको छैन । आर्थिक वर्ष शुरु हुनुभन्दा ४५ दिन अगावै वजेट ल्याउनुका साथै अनुगमन लगायत अन्य विविध प्रयासका वावजूद पनि पूँजीगत विकास खर्च ६५.५ प्रतिशतमात्र भएको र लक्ष्य गरिएका कतिपय नतिजा हासिल गर्न नसकिएको स्थितिलाई गंभीरताका साथ लिनै पर्दछ । अतः आयोजना कार्यान्वयनमा रहेका कमी कमजोरीलाई चालू आर्थिक बर्षमा दोहोरिन नदिन र आर्थिक बृद्धि लगायतका परिसूचकहरुमा थप सुधार ल्याउन गर्नुपर्ने आवश्यक कार्यहरु सक्रियताका साथ गर्न म सबैको ध्यान आकृष्ट गर्दछु ।

५. चालू आ.ब. २०७४।७५ मा आर्थिक बर्ष प्रारम्भ हुनुभन्दा डेढ महिना अघि नै व्यवस्थापिका संसदमा बजेट पेश भएको र राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृती तथा अर्थ मन्त्रालय एवम् अन्य तालुक निकायबाट खर्चगर्ने अख्तियारी लिनुपर्ने प्रक्रियागत झंझट हटाइएको छ । यसले आयोजना कार्यान्वयन समयमै अघि बढाउन सहयोग पुगेको होला भन्ने मैले ठानेको छु ।

तर, आयोजना कार्यान्वयनमा अरु पनि अबरोधहरु छन् । त्यसैले सम्बन्धित माननीय मन्त्री र सचिवले नियमित रुपमा आफ्नो मन्त्रालयअन्तर्गतका आयोजनाहरुले समयमै ठेक्कापट्टा लगाए नलगाएको, निर्माण कार्य सुचारु रुपमा अघि बढे नबढेको वा अन्य कुनै अबरोध रहे नरहेको विषयमा नियमित अनुगमन गरी पूँजीगत खर्च बृद्धि र समयमै आयोजना सम्पन्न गराउन निर्देशन दिन्छु ।

६. करिव दुइ दशक लामो अन्तराल पछि स्थानीय तहका २ चरणका निर्वाचन सम्पन्न भइ जन निर्वाचित प्रतिनिधिले विकास निर्माण कार्यको नेतृत्व लिइसकेका छन् । बर्तमान संविधान र स्वीकृत कार्य विस्तृतीकरणअनुरुप स्थानीय तहको अधिकार क्षेत्रभित्रका कामहरु स्वायत्त रुपमा संचालन गर्न पाउने गरी साधन स्रोत, संगठन, जनशक्ति र नमूना कार्यविधिहरु सहित स्थानीय तहलाई आबश्यक सहयोग गर्नु सबै केन्द्रीय निकायको कर्तब्य हो । त्यसैले सबै मन्त्रालय तथा निकायले बिगतमा आफूले गरिआएका कामहरुमध्ये स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने कुनै कार्यक्रम वा आयोजनाहरु बाँकी भए त्यससम्बन्धी संगठन, स्रोत र जनशक्ति समेत चाँडै हस्तान्तरण गर्न म सबै मन्त्रालय तथा निकायहरुलाई निर्देशन दिन्छु।

७. सविधानवमोजिम स्थानीय तहमा हस्तान्तरण भएका कार्यहरु योजनाबद्ध रुपमा संचालन गर्न, आबधिक र बार्षिक योजना तथा वजेट तर्जुमा गर्ने क्षमता आबश्यक हुन्छ । त्यसैले राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले समन्वय गरी स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन लगायतका विषयमा सीप विकास गर्नका लागि तालिम तथा क्षमता विकासका अन्य कार्यहरु गर्न निर्देशन दिन्छु ।

८. भूकम्प पछिको पुनर्निर्माणले गति लिएको भए पनि अझै धेरै कामहरु बाँकी छन् । पीडित जनताले समयमै सहयोग पाउन नसक्ने र पुनःनिर्माणसम्बन्धी बजेट खर्च पनि हुन नसक्ने विरोधाभासपूर्ण स्थिति छ । यसमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरण र विभिन्न विषयगत मन्त्रालयहरु बसी निकायगत समन्वय अभिवृद्धि गर्न म सम्बद्ध मन्त्रीहरु र प्राधिकरणका पदाधिकारीलाई आग्रह गर्दछु ।

९. हालसालै आएको बाढीले तराइ मधेशमा पुर्‍याएको जनधनको क्षति प्रति बर्तमान सरकार संवेदनशील छ । यसका लागि सरकारका तर्फबाट तत्कालीन राहत उपलब्ध गराइएको छ । अब, क्षतीको अनुमान तथा